# स्थानीय राजपत्र


**उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित**

खण्ड : २ | संख्या : ५ | मिति : २०७५/०२/२८


## भाग - १

## उमाकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम उमाकुण्ड गाउँपालिकाको गाउसभाले यो ऐन बनाई सवैको जानकारीको लागी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ।

# उमाकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम उमाकुण्ड गाउँपालिकाको गाउसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम उमाकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ रहेको छ।

(२) यो ऐन उमाकुण्ड गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले उमाकुण्ड गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले उमाकुण्ड गाउँकार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले उमाकुण्ड गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उमाकुण्ड गाउँपालिका लाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त उमाकुण्ड गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि, मापदण्ड, नियमावली वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही उमाकुण्ड गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, नियमावलि, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**प्रमाणीकरण मितिः २०७५।०२।२८**

**आज्ञाले,**
**ईश्वरी प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**